# आमाछोदिङमो गाँउपालिकाको
# गाँउ कार्यपालिकाको कार्यलय

गोल्जुङबेंशी ,रसुवा।
बागमती ,प्रदेश

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङवेशी, रसुवा
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२
चलानी नं.:

**सूचना !** **सूचना !!** **सूचना !!!**

**अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना (सि.बि.आर) सहयोग कार्यक्रमको लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना**

**सूचना प्रकाशित** मिति : २०८२/०१/२२

नेपाल सरकार महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आ. व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अपाङ्गता भएका व्यक्तिहरुप्रति समाज र परिवारमा सकारात्मक धारणाको विकास गर्ने, अपाङ्गता भएका व्यक्तिहरुको सर्वाङ्गिण विकासको लागि स्थानीय समुदाय र विकासका साझेदार निकायलाई परिचालन गर्दै अपाङ्गता भएका व्यक्तिहरुको सहभागीता बढाउने, अपाङ्गता हुन नदिन समयमा नै पहिचान, रोकथाम, न्यूनीकरण र अपाङ्गता भएका व्यक्तिहरुलाई चिकित्सकीय तथा अन्य सेवाद्वारा पुनर्स्थापना गर्ने, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई विभिन्न समान अवसरका सेवा उपलव्ध गराउने र सामाजिक तथा आर्थिक सशक्तिकरण गरी विकासको मूलप्रवाहमा ल्याई सक्षम तथा स्वावलम्बी बनाउने उदेश्यका साथ आमाछोदिङमो गाउँपालिकाबाट आयमुलक सम्बन्धि कार्यक्रम सञ्चालन गरिने हुँदा उक्त कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाहरुले सम्बन्धित कार्यक्रमको अवधारणापत्र र व्यावसायिक योजना सहित प्रस्ताव सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८२/०१/२८) भित्रमा आमाछोदिङमो गाउँपालिकाको महिला विकाश शाखामा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैमा सुचित गरिन्छ।

**प्रस्तावका साथमा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ :**

संस्थाको विधान, परिचय, उदेश्य, कार्य संञ्चालन प्रक्रिया, भौतिक तथा वित्तीय स्रोत सम्बन्धि विवरण,

- प्रस्तावित व्यवसायको अवधारणपत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यावसायिक योजनाको विवरण,
- प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी,
- अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,
- अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिलिपी,
- प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण,
- कालोसूचीमा नपरेको र प्रचलित कानून बमोजिम अयोग्य नरहेको स्वःघोषणा,
- प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तीकरण हुने गरी व्यावसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्ययोजना समितिको प्रस्ताव पेश गर्नुपर्नेछ

२०८२/१/२२

ऋषिकेश अधिकारी
नि. प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत